नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान ब्युरो

बबरमहल,काठमाण्डौ

## प्रेस विज्ञप्ति-६०

## “ भारतको कलकतामा पुर्याई मानव अंग (मृगौला) बेचबिखन गर्ने व्यक्तिहरु पक्राउ”

### पक्राउ अभियुक्तहरुको विवरण:-



**नाम:-** शंकर खत्री
**उमेर :-**३७ वर्ष
**स्थायी वतन:-** जिल्ला ललितपुर
महालक्ष्मी न.पा. -०८



**नाम:-** शान्तिमाया घलान
**उमेर :-**४२ वर्ष
**स्थायी वतन:-** जिल्ला मकवानपुर
भिमफेदी गा.पा. -०२

### प्रारम्भिक अनुसन्धानको क्रममा खुल्नआएको तथ्यहरु:-

- प्रतिवादीहरुले आर्थिक अवस्था कमजोर भएका पिडितलाई मृगौला बिक्रि गरेमा नेपाली रुपैया रु. १०,००,००० ।- (दश लाख) कमाउन सकिन्छ, मानिसको शरिरमा दुईवटा मृगौला हुने भएकाले एउटा झिक्दा अर्कोले राम्रोसँग काम गर्छ, केही समस्या हुदैन, मृगौला दिएमा धर्म हुन्छ भन्ने समेतको **प्रलोभन** देखाएको,
- जाहेरवालाको स्वाथ्य परीक्षण गराई एकिन गरी काठमाण्डौबाट बिरगन्ज जाने सुमोमा चढाई विरगन्जबाट भारतको कलकत्तामा पुर्याएको खुल्न आएको,
- जाहेरवालाले भारतमा पुगेपछी मृगौला प्रत्यारोपण गर्न ईन्कार गर्दा रकम समेत माग गरी बिभिन्न किसिमको धाक धम्की दिई जवरजस्ती मृगौला प्रत्यारोपण गरेको खुल्न आएको,
- मृगौला प्रत्यारोपण गर्नुपर्ने व्यक्तिको एकाघर परीवार भित्रको व्यक्ति भन्ने विश्वास दिलाउन जाहेरवालाको नेपाली नागरीकताको प्रमाणपत्र समेतका कागजातहरु झुट्टा बनाई मृगौला प्रत्यारोपण गरेको खुल्न आएको,
- प्रलोभनमा पार्ने, आन्तरीक ट्रान्सपोर्ट गर्ने, नेपालबाट भारतको कलकत्तामा पुर्याउने, रकम Dealing गर्ने कामहरु फरक फरक व्यक्तिहरुले गरेको खुल्न आएको,
- जाहेरवालालाई भने बमोजिमको रकम समेत नदिई मृगौला प्रत्यारोपण गराएको खुल्न आएको,
- पीडितको जाहेरी दरखास्तको आधारमा यस ब्यूरोबाट खटिएको प्रहरी टोलिले वारदातमा संलग्न रही फरार रहेका मध्ये प्रतिवादी शंकर खत्रीलाई मिति २०८१।०५।०९ गते र अर्की प्रतिवादी शान्ति माया घलान लाई मिति २०८१।०५।११ गते पक्राउ गरि मानव बेचबिखन तथा ओसारपसार मुद्दामा सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट नौ (९) दिन म्याद थप गरि थप आवश्यक अनुसन्धान कार्य भई रहेको ।

**मिति: २०८१/०३/२५ गते ।**

**सूचना अधिकारी**
**(गौतम मिश्र)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बर:-९८५१२८११६०**